मितिः २०८२ जेष्ठ १६

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल ज्यू,
राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाण्डौ ।

**विषयः विशेष ध्यानाकर्षण–द्वन्द पीडित समुदाय माथि भएको धोका, अपमान र अन्यायको जानकारीमा लिई राष्ट्रप्रमुखको हैसियतले यथोचित पहल गरिदिनु हुन**

**सम्माननीय राष्ट्रपतिज्यू,**

नेपालमा २०५२ देखि २०६३ सम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षहरूद्वारा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका कारण हामी हजारौँ नागरिक पीडित बनाइयौँ। शान्ति सम्झौता सम्पन्न भएको झण्डै १९ वर्ष बितिसक्दासमेत हामी अझै पनि पीडित, उपेक्षित र निराश बनिरहनु परेको तीतो यथार्थ तपाईंलाई जानकारी गराउन चाहन्छौँ।

२०६३ सालमा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौतामा दुवै पक्षले हत्या र बेपत्ता पारिएका नागरिकहरूको सत्यतथ्य ६० दिनभित्र सार्वजनिक गर्ने, र ६ महिनाभित्र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रतिबद्धता गरेका थिए। सो आयोगमार्फत द्वन्द्वकालीन गम्भीर मानव अधिकार उल्लङ्घनको अनुसन्धान, दोषीको पहिचान र कारबाही तथा पीडितलाई न्याय दिलाउने आश्वासन दिइएको थियो। आजसम्म पनि ती प्रतिबद्धता पुरा भएका छैनन्।

संविधान निर्माण र माओवादी लडाकुको व्यवस्थापन ढिलो गरि भए पनि सम्पन्न भएका छन्। तर द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनलाई विधिसम्मत ढंगले सम्बोधन गरी पीडितलाई सत्य, न्याय र परिपूरण दिने कार्य कुनै पनि सरकारले, राजनीतिक दलले, वा द्वन्द्वरत पक्षले प्राथमिकतामा नराखेको जगजाहेर छ।

शान्ति सम्झौता सम्पन्न भएको १९ वर्ष पुग्न लाग्दा पनि यस्तो गम्भीर राष्ट्रिय–अन्तर्राष्ट्रिय सरोकार र मानवीय संवेदनाका विषयलाई इमानदार, संवेदनशील र जवाफदेही ढंगले सम्बोधन गरिएको हामी पीडित समुदायले अनुभूति गर्न सकेका छैनौँ। बरु हरेक सरकारले र प्रमुख दलहरूले पीडितलाई उपेक्षा गर्ने, पीडितको पीडा आफ्ना स्वार्थ र भागबण्डाका लागि प्रयोग गर्ने प्रवृत्ति देखाएका छन्। यही कारणले नेपालको संक्रमणकालीन न्याय प्रक्रिया अत्यन्तै जटिल मोडमा पुगेको छ।

हामी हजारौँ आम द्वन्द्वपीडितको रगत, पीडा र आँसुबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो भन्ने यथार्थलाई सबैले बुझेका छन्। हजारौँ नागरिकले भोगेको अन्याय, क्षति, वात्सल्य गुमाएको पीडा र मानसिक आघातको परिणामस्वरूप राजतन्त्र हटाएर गणतन्त्र स्थापना भएको हो। आज तपाईं राष्ट्रपतिको रूपमा राष्ट्र र नागरिकहरूको अभिभावकको भूमिकामा हुनुहुन्छ। यो पनि पीडित समुदायको वलिदानीकै उपज हो ।

देशमा तीन तहको सरकार बन्यो। पटक–पटक राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, र प्रदेश प्रमुख फेरिए। हजारौँ राजनीतिक कार्यकर्ताको व्यवस्थापन भयो। तर सत्य, न्याय र परिपूरण अझै पनि अधुरै छ। पीडितको अबस्था फेरिएको छैन । वरु थप पीडा झेल्नु परिरहेको छ । पीडाको पुस्तान्तरण हुँदैछ ।

राजनीतिक दलहरूको गैरजिम्मेवारी, संवेदनशीलताको अभाव र निष्क्रियताका कारण धेरै द्वन्द्वपीडितले उपचार नपाएर ज्यान गुमाए। अंगभंग भएकाहरू सहयोग नपाएर पीडित भइरहेका छन्। बेपत्ता पारिएका आफन्तको सत्यतथ्य नपाएर काजकिरिया गर्न नसक्ने अवस्था आयो। हजारौँ पीडित मानसिक र मनोवैज्ञानिक पीडामा छन्।

वर्षौंदेखि सत्य, न्याय र परिपूरणको प्रतीक्षामा रहेका हामीलाई पटक–पटक राजनीतिक खेलोमेलोले धोका दिएको छ। न्याय दिन होइन, दोषीलाई उन्मुक्ति दिन ल्याइएको बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण आयोग ऐन, २०७१ विरुद्ध हामी पीडित सर्वोच्च अदालत जान बाध्य भयौं।२०७१ फागुन १४ मा सर्वोच्च अदालतले सरकारलाई ऐन संशोधन गर्न परमादेश दियो। तर कुनै पनि सरकारले त्यसअनुसारको कदम चालेन। अन्तर्राष्ट्रिय मञ्चहरूमा भने अदालतको आदेशअनुसार चाँडै संशोधन गर्ने भनेर औपचारिक प्रतिबद्धता व्यक्त गर्दै आइयो।

२०७१ र २०७६ मा दुई–दुई पटक दलीय भागबण्डामा आयोगहरू गठन गरिए। कानुनको त्रुटि र भागबण्डाको अपारदर्शी प्रक्रियाका कारण ती आयोगहरू पूर्ण रूपमा असफल भए। उजुरी संकलनबाहेक अन्य ठोस परिणाम दिन सकेनन्। त्यसपछि १० वर्ष लामो प्रयास स्वरुप २०८१ भदौमा बल्ल ऐन संशोधन गरियो। यस संशोधनमा केही सकारात्मक प्रावधान छन् तर त्रुटिहरू पनि यथावत छन्। आयोगमा 'टावरिङ व्यक्ति' नियुक्त भएमा, कानुनी प्रावधानहरुको उदार व्याख्या र वुझाई अपनाई त्रुटिहरू सुधार हुनसक्ने आशा गरिएको थियो। पीडितहरू, नागरिक समाज, र सरोकारवालाबीच विश्वास र सहकार्यको वातावरण बनेको देखिन्थ्यो।

तर २०८१ कात्तिकमा गठित सिफारिस समिति २०८१ पुष २ मा निष्कर्षमा पुग्न नसकी भंग भयो। पाँचौँ पटक २०८१ चैत ११ मा पुनः गठित समितिले आयोगको पदाधिकारी चयन गर्न अपनाएको प्रक्रिया नियन्त्रणात्मक, देखावटी र अपारदर्शी भयो। चौथो सिफारिस समिति असफल भएर भङ्ग भइसकेपछि फेरि त्यसै समितिलाई ब्युताउनु प्रतिगमन हो भन्ने हाम्रो गम्भीर असहमति थियो।

विश्वासको आधार कमजोर हुँदा पनि हामी पीडित समुदायले समितिलाई शङ्काको सुविधा दियौं। आशा गर्यौँ— विगतबाट पाठ सिकेर, विश्वासनीय र पारदर्शी प्रक्रिया अपनाइनेछ। तर समितिले पीडितको सहभागिता र पारदर्शिताको पूर्ण उपेक्षा गर्‍यो। पीडितकै लागि बनाइने आयोगको प्रक्रियामा एकपटक पनि परामर्श गरिएन, जुन नितान्त दुःखद छ।

समाजले पत्याएका, संक्रमणकालीन न्यायमा योगदान दिन सक्ने व्यक्तित्वहरू समेट्न कुनै प्रयास भएन। योग्यताको वस्तुगत मूल्याङ्कन नगरी संक्षिप्त सूची प्रकाशित गरियो। त्यसलाई सच्याउन आग्रह गर्दा समितिले वेवास्ता गर्‍यो। समितिले कुनै स्पष्ट मापदण्ड वा आधारविनै उम्मेदवार छनोट गर्‍यो।

समितिले बनाएको छोटो सूचीप्रति गम्भीर आपत्ति जनाउँदै हामी पीडितले तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल, प्रधानमन्त्रीका सल्लाहकार अग्नि खरेल, गृहमन्त्री रमेश लेखकलगायतसँग भेटेर गलत प्रक्रिया सच्याउन आग्रह गर्यौं तर दलहरू, सरकार र समितिले पीडितलाई पूर्णतः उपेक्षा गरे। योग्य उम्मेदवारको खोज नगरी दलीय भागबण्डामा आयोगमा नियुक्त गरियो। यसरी आयोगलाई आफ्ना मान्छे भरणपोषणको थलो बनाइएको छ।

"पहिलो गासमै ढुंगा" भनेझैँ, पीडितको पीडा र अन्याय सम्बोधन गर्न गठन गरिएको आयोगले सपथ लिएको भोलिपल्टै गरेको पहिलो निर्णयले पीडित समुदायमा गहिरो चोट पुर्‍याएको छ। यौनजन्य हिंसा तथा बलात्कारमा परेका पीडितहरूसँग विवरण खुलाएर उजुरी दिन सार्वजनिक आह्वान गर्नु, त्यो पनि गोरखापत्र र वेबसाइटमार्फत, पीडित–केन्द्रित संक्रमणकालीन न्यायको आधारभूत मर्म विपरित छ। यसले न त पीडितको गोपनीयता र मानवीय मर्यादाको रक्षा गर्छ, न त विश्वासको वातावरण बनाउँछ।

संवेदनशील प्रकृतिका उजुरीहरू यसरी संकलन गर्नु यान्त्रिक र औपचारिक मात्र हुन्छ; यसले न त सन्देश पीडितहरूसम्म पुग्छ, न त उनीहरू उजुरी दिन प्रेरित हुन्छन्। पीडितहरूसँग कुनै छलफल नगरी, विश्वास निर्माण नगरी, सूचना प्रवाह मात्र

गरेर 'हामीले गर्यौं' भन्ने देखावटी प्रयासबाट पीडितको न्यायको आकांक्षा पूरा हुँदैन। यसरी पीडित समुदायलाई पूर्णतः उपेक्षा गरेर, तीनदलीय भागबण्डाको आधारमा, अपारदर्शी तरिकाले गठन गरिएको आयोगप्रति पीडित समुदायको स्वामित्व, अपनत्व र विश्वास छैन। यस्तो आयोगले समाधान दिन सक्दैन। बरु, पीडितहरूबीच आयोगमा दर्ता गरिएका उजुरीहरूको गोपनीयता भंग हुने र दुरुपयोग हुने गम्भीर आशंका छ।

राज्यबाट न्यायको अपेक्षा गर्दै दशकौँदेखि निरन्तर खबरदारी गरिरहेकाहरूको रूपमा हामीले न्यायको साटो धोका, बेइमानी र उपेक्षा मात्रै पाएका छौँ। आज पीडित समुदायभित्र यस्तो अवस्था आएको छ कि उनीहरू उजुरी फिर्ता लिने छलफलसम्ममा छन्। यस्तो स्थितिमा अन्तिम विकल्पका रूपमा पीडित समुदाय नागरिक आयोग गठन गर्ने, सत्यअन्वेषण गर्ने, पीडकका नाम सार्वजनिक गर्ने, र पीडालाई स्वार्थका लागि प्रयोग गर्दै आएका पात्रहरूको पहिचान गर्ने दिशामा गम्भीर छलफलमा छन्।

जनता, मानव अधिकार, लोकतन्त्र, कानुनी शासन र नागरिक स्वतन्त्रताको रक्षाका लागि संघर्ष गर्नुभएका एक परिपक्व राजनेताको हैसियतले हामी दृढ विश्वास गर्दछौँ कि तपाईं द्वन्द्वपीडितको पीडा सम्बोधनमा अभिभावकीय भूमिका निर्वाह गर्नुहुनेछ। स्वार्थका लागि पटक–पटक पीडा भागबण्डा गरिएको यो प्रक्रियालाई तपाईंको हस्तक्षेपले सुधार ल्याउनेछ भन्ने आशा लिएका छौँ। पटक पटक स्वार्थका लागि पीडा भागवण्डा गरिएका कारण धोका दिईएका हामी पीडित समुदायलाई थप निराशाको स्थितिमा पुग्नवाट रोक्नुहुनेछ भन्ने अपेक्षा र बिश्वास लिएका छौं |

अतः हामी, सम्पूर्ण द्वन्द्वपीडित समुदायका प्रतिनिधित्व गर्ने संस्थाहरूको तर्फबाट, महामहिम राष्ट्रपति समक्ष विद्यमान आयोग प्रक्रिया तत्काल सच्याउन,विश्वसनीय, पारदर्शी र पीडित–केन्द्रित संक्रमणकालीन न्याय प्रक्रिया अवलम्बन गर्न, पीडित समुदायको विश्वास जित्ने गरी स्वतन्त्र, सक्षम र जवाफदेही आयोग पुनर्गठन गर्न, पीडित समुदायको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न, दण्डहीनताको अन्त्य गर्न, र पीडितहरूलाई वैकल्पिक नागरिक आयोग बनाउने बाध्यात्मक स्थितिमा नपुऱ्याउन राजनैतिक नेतृत्व र सरकारले ठोस पहल लिन यो अपिल गर्दछौं ।

यसै सन्दर्भमा, पीडित समुदायले हालैका दिनहरूमा जारी गरेका विभिन्न प्रेस वक्तव्य, दस्तावेज, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायले व्यक्त गरेका धारणा र सिफारिसहरू समेत यस अपीलसाथ संलग्न गरिएको जानकारी गराउँदछौं।

***अपील गर्ने द्वन्द्व पीडित संघसंस्था, संजाल तथा द्वन्द पीडितहरु***

*१. द्वन्द्व पीडित साझा चौतारी, महासचिव, उदय शाह*
*२. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, अध्यक्ष, गीता रसाइली*
*३. गम्भीर मानब अधिकार उल्लङ्घनका पीडितहरुको राष्ट्रिय संजाल, अध्यक्ष, राम कुमार भण्डारी*
*४. अपांगता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल, अध्यक्ष, सुरेन्द्र खत्री*
*५. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, अध्यक्ष, गोपाल बहादुर शाह*
*६. देबी खड्का, सल्लाहकार, अपराजिता फाउन्डेसन*
*७. गुरु लुइँटेल अध्ययन तथा बिकास केन्द्र, अध्यक्ष, फडिन्द्र लुइँटेल*
*८. सृजना श्रेष्ठ, संस्थापक अध्यक्ष, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल*
*९. शुसीला चौधरी, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, महासचिव*
*१०. सुमन अधिकारी, द्वन्द्व पीडित साझा चौतारी, संस्थापक अध्यक्ष*
*११. बेपत्ता परिवार समाज नेपाल, अध्यक्ष, रुपेश शाह*
*१२. राष्ट्रिय स्मृति सञ्जाल, अध्यक्ष, निरञ्जन कुमार चौधरी*

१३. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल, अध्यक्ष कल्याण बुढाथोकी
१४. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ, अध्यक्ष, चन्द्र बहादुर चौधरी
१५. न्यायका लागि द्वन्द्वपीडित समाज, अध्यक्ष रमिला जोशी
१६. अपराजिता फाउन्डेसन, अध्यक्ष, सोनिया चौधरी
१७. नेपाल माओवादी पीडित संघ, अध्यक्ष धर्मराज न्यौपाने
१८. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र, महासचिव, मोहन परियार
१९. शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान, अध्यक्ष, दयासागर घिमिरे
२०. द्वन्द्वपीडित अपांग संघ, दोलखा, अध्यक्ष कृष्ण बहादुर घिसिङ
२१. बाँदरमुढे घटनापीडित सरोकार समिति, उपाध्यक्ष, कृष्ण अधिकारी
२२. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ, अध्यक्ष, भीम बहादुर राउत
२३. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,सचिव, इन्द्रकला राई शाह
२४. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क, अध्यक्ष, डिल्लीप्रसाद रिजाल
२५. द्वन्द्वपीडित टुहुरा समाज, संस्थापक अध्यक्ष, केपी अधिकारी
२६. सामाजिक न्याय समिति नेपाल, अध्यक्ष, बिष्णुमणि भण्डारी
२७. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी अध्यक्ष भिम बहादुर रिजाल
२८. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली, अध्यक्ष गणेश बहादुर मल्ल
२९. द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल, म्याग्दी, अध्यक्ष देवी कुमारी केसी
३०. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र, अध्यक्ष सीता बोहरा, धनगढी
३१. बेपत्ता परिवार राष्ट्रिय संजाल, अध्यक्ष, रत्न घिमिरे
३२. द्वन्द्वपीडित शिक्षक समाज अध्यक्ष हिरा तिवारी
३३. द्वन्द्वपीडित राष्ट्रिय समाज सचिव, ज्ञानेन्द्र आरण
३४. द्वन्द पीडित समाज कोशी प्रदेश, अध्यक्ष, रुपेश शाह
३५. साबित्रि खड्का, सचिव, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल
३६. द्धन्द्धपीडित महिला सञ्जाल नवलपुर, अध्यक्ष, पार्वती सिग्देल
३७. बेपत्ता योद्दा समाज, महासचिब, नवराज ढुंगाना
३८. द्वन्द्व पिडित अधिकार मञ्च म्याग्दी, अध्यक्ष
३९. मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समुह, महासचिव, प्रदिप अधिकारी

**आवश्यक सम्पर्क**

सृजना श्रेष्ठ :
सुरेन्द्र खत्री:
गोपाल शाह :
फडिन्द्र लुइँटेल :
सुमन अधिकारी :
उदय शाह :
राधा भट्टराई
शंकर बहादुर पुन
सिता वली
नेत्र भण्डारी
हिरा तिवारी (शर्मा)
सावित्री निडुवाल

गीता रसाइली :
शुशिला चौधरी :
देबी खड्का :
राम भण्डारी :
रुपेश शाह :
शोभा भट्ट
हेम बहादुर कुमाल
कमल प्रसाद सुवेदी